जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक २८५ | २०७९ साल असार ९ गते बिहीबार | (23 June 2022 Thursday) | मूल्य रु. ५/-

**बचत गर्दा ध्यान दिऔं।**

सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ ?

हो भने,

त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नबिर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : बढ्न थाल्यो विद्युतीय... ३ पृष्ठमा : अन्तर्राष्ट्रिय बजारमा मूल्यवृद्धि... ३ पृष्ठमा : इमरान खानको नेतृत्वमा...

## भारतीय दुतावासको सहयोगमा निर्माणाधीन कन्या छात्रावासलाई पूर्णता दिनुपर्नेमा जोड




**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

राजविराजस्थित अधुरो रहेको कन्या छात्रावासलाई पूर्णता दिनु पर्नेमा आयोजित एक कार्यक्रमका वक्ताहरुले जोड यदिएका छन् ।

१८ वर्षअघि भारतीय राजदुतावासको सहयोगमा सुरू भई हालसम्म अधुरो रहेको महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसको कन्या छात्रावासलाई पूर्णता दिनुपर्नेमा जोड दिईएको हो ।

संबिधानसभाका सदस्य तथा नेबि संघका पूर्वअध्यक्ष रन्जित कर्णको पहलमा बुधवार राजविराजमा आयोजना गरिएको "सप्तरी जिल्लाको बिकास" बिषयक सुभाव संकलन कार्यक्रममा सहभागीहरूले यस्तो जोड दिएका हुन ।

सो समयमा भारतिय राजदुतावासको आर्थिक सहयोगमा तत्कालिन जिल्ला बिकास समितिमार्फत थालिएको कन्या छात्रावासको निर्माण कार्य बिचमै रोकिनाले अहिले प्रयोग बिहिन अबस्थामा छ । बिधुतिकरण, झ्याल ढोका, रंगरोगन लगायतका करिव २० प्रतिशत काम अझै बाकी रहेको अबस्था छ ।

निवर्तमान क्याम्पस प्रमुख डा. सर्वेशचन्द्र मिश्रले त्यसलाई पुर्णता दिएर संचालनमा ल्याउनुपर्ने माँग गरे । उनले सबै मिलेर ठेकेदार तथा भारतिय राजदुतावासमा आबश्यक पहल गर्नुपर्नेमा जोड पनि दिए ।

संविधानसभा सदस्य रंजु ठाकुरले ठेकेदार पक्षका प्रतिनिधिले निर्माणको क्रममा सामग्रीको मूल्य बढ्दै गएको कारण देखाउदै थप रकम माँग गर्दा नपाएकाले समयमै कन्या छात्रावासलाई पुर्णता दिन नसकिएको लाचारी ब्यक्त गरे बताए ।

उद्योग बाणिज्य संघका निर्वतमान अध्यक्ष अरूण प्रधानले भारतिय दुतावासको समन्वय र सहयोगको साथै स्थानिय स्तरबाटै पनि सहयोग जुटाएर कन्या छात्रावासलाई अविलम्व पुर्णता दिनुपर्ने बताए ।

कार्यक्रममा क्याम्पस प्रमुख राजिव कुमार मिश्र, नेपाली काँग्रेसका उपसभापति रामकुमार यादव, जसपाका जिल्ला अध्यक्ष केदार यादव, लोसपाका जिल्ला अध्यक्ष सुनिल झा, जसपाका मधेश प्रदेश मुख्य सचिव दिनेश यादव, निर्माण ब्यवसायी संघका अध्यक्ष एनेश्वर दास, पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देव लगायतले पनि भारतीय लगानीमा संचालित आयोजनाहरूका साथै जिल्लाको समग्र बिकासका लागि महत्वपुर्ण मानिएका अन्य आयोजनाहरू सम्पन्न गराउन सबै सहयोग गर्न तयार रहेको प्रतिबद्धता जनाएका छन ।

## सशस्त्र प्रहरीद्वारा ठूलो परिमाणको गाजासहित ट्रक नियन्त्रणमा




**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

सशस्त्र प्रहरीले सप्तरीमा ठूलो परिमाणको गाजासहित एक मालवाहक ट्रक नियन्त्रणमा लिएको छ ।

सप्तरीको हनुमाननगर कंकालनी नगरपालिका वडा नं. १ कोशी ब्यारेज खण्डमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको को.१ख. २९२५ नम्बरको मालवाहक ट्रकमा लोड रहेको १ सय ७५ किलो प्रतिबन्धित गाजा बरामद गरेको हो । उक्त ट्रकबाट भन्सार छलेर ल्याइएको ३ सय ५० किलो अदुवा समेत बरामद गरिएको छ ।

सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश क्याम्प भारदहका प्रहरी निरिक्षक किसन तामाङको टोलीले चेक जाँचको क्रममा गाजा फेला परेपछि ट्रक नियन्त्रणमा लिएका हुन ।

सशस्त्र प्रहरी उपरिक्षक प्रदिप खडकाले ट्रक चालक फरार रहेको बताउँदै चालकको खोजतलास भइरहेको जानकारी दिए ।

११ वटा बोरामा प्याक गरी अन्य सरसमानले छोपिएको अबस्थामा बरामद गाजा बारे आबश्यक अनुसन्धान गर्न ट्रकसहित जिल्ला प्रहरी कार्यालय सप्तरीमा बुझाईएको सशस्त्र प्रहरी उपरिक्षक खडकाले बताए ।

गाजा लगायतका प्रतिबन्धित सरसमान ओसारपोसार गर्न मालवाहक ट्रकको प्रयोग हुन थालेपछि प्रहरीले त्यस्ता सवारी साधनको चेकजाँचमा कडाई गरेको सशस्त्र प्रहरी वल गण सप्तरी जनाएको छ ।

## खर्च विवरण नबुझाए कारबाहीका लागि निर्देशन

**दैनिक समाचारदाता**
**काठमाडौं, ८ असार ।**

निर्वाचन आयोगले स्थानीय तहका उम्मेदवारले खर्च विवरण नबुझाए कारबाही सिफारिस गर्न मातहतको कार्यालयलाई निर्देशन दिएको छ ।

स्थानीय तह निर्वाचन ऐन र नियमावलीको प्रावधानअनुसार

***बाँकी तीन पृष्ठमा***

## 'भारत गौरव पर्यटक रेल' जनकपुरधाम आउने

जनकपुर, ८ असार (रासस) ।

भारतीय पर्यटक बोकेर 'भारत गौरव पर्यटक रेल' यही असार ९ गते जनकपुरधाम आउने भएको छ ।

भारतको राजधानी नयाँदिल्लीबाट मङ्गलबार साँझ हिँडेको सो रेल बिहीबार जनकपुरधाम आइपुग्ने नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जनकुमार झाले जानकारी दिनुभयो ।

रामायण सर्किटमा सञ्चालन हुने उक्त रेलले भारतको अयोध्या, नन्दीग्राम, सीतामढी, वनारस, प्रयागराज, चित्रकुट, पञ्चवटी, नासिक, हम्पी, रामेश्वरम र

***बाँकी अन्तिम पृष्ठमा***

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# युवाहरुका लागि स्वदेशमै रोजगारी सृजना गरौं

सप्तरीबाट बर्षेनी १० देखी १५ हजार युवाहरु रोजगारीका लागि खाँडी मुलुक जाने गरेका छन् भने मुलुकभरीबाट वर्षेनी चार लाखका हाराहारीमा युवाहरु बैदेशिक रोजगारीमा जाने गरेका छन् । यता मलेशिया, दुबई, कतार, साउदी अरबलगायत विभिन्न खाँडी मुलुकहरुमा रोजगारीमा गएका युवाहरुको अकालमै मृत्यु हुने गरेका घटनाहरु सार्वजनिक हुने गरेको छ । विभिन्न सपना बोकेर बैदेशिक रोजगारीमा गएकाहरुको सपना सपनामै सीमित हुने गरेको अवस्था छ । बैदेशिक रोजगारीले समाजमा आर्थिक उन्नति निकै भएपनि खाँडी मुलुकहरुमा विभिन्न बहानामा अकालमै युवाहरुको मृत्यु हुने गरेपनि त्यसलाई नियन्त्रण गर्नेतर्फ राज्य तथा सम्बन्धि निकायको ध्यान जान सकेका छैन ।

ती युवाहरु नेपालमै सहजै तरीकाबाट रोजगारी नपाउँदा तथा बेरोजगारीका कारणले बाध्य भएर रोजगारीको शिलशिलामा दुई चार पैसा आयआर्जन गर्नका लागि बिदेश विभिन्न सपनाहरु बाकेर जान्छन, तर, दुर्भाग्यवश बिदेशमा गएर अकालमै मृत्यु हुन पुगेपछि ती ब्यक्तिका घर परिवारको अवस्था वास्तवमै दयनिय र दुखदायी हुन पुग्छ । हुन त एकातिर सरकारले फ्रि भिसा र फ्रि टिकट गरेपनि एजेन्टको नाममा प्रत्येक गाउँघरमा रहेका दलालहरुले फ्रि भिसा र फ्रि टिकटको नाममा अझै पनि लाखौं रकम खुल्लेआम ठगि गर्दै गएको पाइन्छ । दलालहरुलाई सरकार तथा सम्बन्धित निकायले अझै नियन्त्रण गर्न नसकेका कारणले युवाहरु बिदेशमा गएर ठगिने अवस्था पनि त्यतीकै छ ।

तसर्थ युवाहरु रोजगारीको लाागि विभिन्न खाँडी मुलुकहरु जाने गरेकाले युवा बिदेशिने क्रममा कसरी कमि आउन सक्छ र स्वदेशमै बेरोजगार युवाहरुले रोजगारी गरी प्रदान गर्न सकिन्छ भन्ने तर्फ राज्य तथा सम्बन्धित निकायको ध्यान पुग्नु अति नै आवश्यक रहेको छ ।

# बढ्न थाल्यो विद्युतीय गाडीको आयात

**समुन्द्रा घिमिरे**

काठमाडौं, ८ असार (रासस) ।

पछिल्लो समय नेपालमा विद्युतीय गाडीको आयातमा वृद्धि हुन थालेको छ । गत वर्षसम्म न्यून मात्रामा आयात हुने गरेको विद्युतीय गाडीको आयात चालु आर्थिक वर्षमा उल्लेख्य मात्रामा वृद्धि हुन थालेको हो । भन्सार विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा आयातमा वृद्धि भएको छ ।

विभागको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षको एघार महिनामा १७ सय बढी विद्युतीय गाडी नेपाल भित्रिएका छन् । भन्सार विभागले सार्वजनिक गरेको गत साउनदेखि जेठ मसान्तसम्मको तथ्याङ्कअनुसार एक हजार ७०४ विद्युतीय गाडी नेपाल भित्रिएका हुन् । गत आर्थिक वर्षको एघार महिनाको तुलनामा चालु आर्थिक वर्षमा विद्युतीय सवारीसाधनको आयातमा ७०० प्रतिशतले बढेको छ । गत आर्थिक वर्ष २०७७/७८ को एघार महिनाको अवधिमा जम्मा २१३ विद्युतीय आयात भएका थिए ।

विभागको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षमा सबैभन्दा धेरै विद्युतीय गाडी चीनबाट भित्रिएका छन् । चीनबाट १०० किलोवाटका १५४ र १५० देखि २०० सम्म किलोवाट क्षमताका ६५६ गरी ८१० गाडी नेपाल भित्रिएका हुन् । चीनपछि भारतबाट धेरै विद्युतीय गाडी नेपाल भित्रिएका छन् । भारतबाट १०० किलोवाट क्षमताका ६०८, दक्षिण कोरियाबाट १०० किलोवाट क्षमताका १३२ र फ्रान्सबाट एक गाडी नेपाल भित्रिएका छन् ।

यस्तै युकेबाट १०० दखि १५० किलोवाट क्षमताका १३, चीनबाट १५० देखि २०० किलोबाट क्षमताका ६५६, दक्षिण कोरियाबाट १०० देखि २०० किलोवाट क्षमताका ५२, जापानबाट ७८, युकेबाट चार गाडी नेपाल आएका छन् । युकेबाट २००देखि ३०० किलोवाट क्षमताका चार र युकेबाटै ३०० क्षमताभन्दा माथिका दुई विद्युतीय गाडी नेपाल भित्रिएका हुन् ।

गत वैशाखमा न्यून मात्रामा विद्युतीय गाडी भित्रचाइएकामा जेठमा वृद्धि भएको छ । गत वैशाखको तुलनामा जेठमा मात्रै १५३ विद्युतीय गाडी नेपाल भित्रिएका हुन् । वैशाखमा ७८ मात्रै विद्युतीय गाडी नेपाल भित्रिएका थिए ।

**पाँच अर्बका गाडी भित्रिए**

चालु आर्थिक वर्षको एघार महिनाको अवधिमा रु पाँच अर्ब बढीका विद्युतीय गाडी नेपाल भित्रिएका छन् । भन्सार विभागको तथ्याङ्कअनुसार जेठ मसान्तसम्म एक हजार ७०४ विद्युतीय गाडी नेपाल भित्रिँदा रु पाँच अर्ब पाँच करोड १६ लाख १३ हजार विदेशीएको हो ।

यस्तैगरी उक्त विद्युतीय गाडी आयातबाट सरकारले रु एक अर्ब ३५ करोड ४१ लाख बराबर राजस्व सङ्कलन गरेको छ । सरकारले डिजेल तथा पेट्रोलबाट सञ्चालित हुने गाडीको आयातमा रोक लगाउँदा विद्युतीय गाडी आयातमा वृद्धि भएको बताइएको छ । देशमा विदेशी मुद्राको सञ्चितिमा कमी आएको भन्दै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गाडीसहित विभिन्न १० वस्तुको आयातमा रोक लगाएको छ ।

मन्त्रालयले गत वैशाख १३ गते राजपत्रमा सूचना प्रकाशन गरी असार मसान्तसम्म उक्त वस्तुको आयातमा रोक लगाएको हो । सरकारले डिजेल तथा पेट्रोलबाट सञ्चालित गाडीको आयातमा रोक लगाएर विद्युतीय सवारी आयात खुला राखेको थियो ।

# चार जनामा हैजाको पुष्टि : सतर्कता अपनाउन आग्रह

काठमाडौं, ८ असार (रासस) ।

काठमाडौँका विभिन्न स्थानका चारजनामा हैजा पुष्टि भएको छ । ती चारै जनाको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा अहिले उपचार भइरहेको छ । जिल्ला स्वास्थ्य कार्यालय काठमाडौँका प्रमुख वसन्त अधिकारीले अहिलेसम्म चारजनामा हैजा भएको पुष्टि जानकारी दिनुभयो ।

उहाँका अनुसार बागबजारमा दुई, भोटेबहाल र डिल्लीबजारमा एक/एक जनामा हैजा देखिएको छ । उहाँले भन्नुभयो " फोहोर र प्रदूषित पानीका कारणले हैजा देखिएको हुनसक्छ । काठमाडौं हैजाको जोखिममा रहेको देखियो । "

विगतमा काठमाडौँमा लामो समयसम्म फोहोर नउठेको कारणले पनि हैजाको प्रकोप बढेको हुन सक्ने बताइएको छ । उहाँले हैजा पुष्टि भएका ठाउँमा थप खोजी र लक्षण भएका हैजाका विरामी खोजिरहेको बताउनुभयो । वागबजारका दुई जना १८ र २३ बर्षिय युवतीमा यहि असार ५ गते र भोटेवहाल र डिल्लीबजारमा एक/एकमा मंगलबार देखिएको हो । जिल्ला स्वास्थ्य कार्यालयले हैजा देखिएका ती व्यक्तिमा के कारणले हैजा भएको भन्ने पत्ता लगाउनका लागि जनस्वास्थ्य अधिकृत रामकृष्ण फुयालको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको छ । महामारी रोकथाम तथा नियन्त्रण फोकल पर्सन समेत रहनु भएका फुयालले फोहोरको प्रकोप बढेर खानेपानीका प्रदुषण भएर हैजा रोग देखिएको बताउनुभयो । उहाँले वागबजारको पानीको तीन वटा नमुना संकलन गरेर राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण भइरहेको जानकारी दिनुभयो ।

उहाँका अनुसार एउटा धारा, हैजा भएका व्यक्तिले प्रयोग गरेको जार र टुवेलको पानीको नमुना परीक्षण गरिएको छ । उहाँले पानीको कारणले हैजा भएको आफूले शंका गरेपनि परीक्षणको रिर्पोट नआएकन केही भन्न नसकिने बताउनुभयो । "हैजा देखिएको ठाउँमा गएर हैजा देखिएका व्यक्तिले के के खाएका हुन भनेर हामीले परीक्षण गर्ने काम गरिरहेका छौं, " स्वास्थ्य कार्यालयका प्रमुख अधिकारीले भन्नुभयो, " हामीले घरवरपरका छिमेकीसंग पनि के कस्ता खानेपानी र खानेकुरा खाएका छन भनेर अध्ययन गरिरहेका छौं ।"

उहाँले बागबजारका दुई जना युवतीले जार र धाराको पानी नउमालिकन खाने गरेको पाइएको बताउनुभयो । असार २ गते चटपटे खाएपछि ति युवतीलाई मुखबाट उल्टी गर्नुको साथै पखाला लागको थियो ।

प्रमुख अधिकारीले ती युवतीले काम गर्ने ठाउँ डिल्लीबजार गएर खानेपानी र खानेकुराको परीक्षण भइरहेको बताउनुभयो । स्वास्थ्य कार्यालय काठमाडौँले चार जनामा हैजा देखिएपछि सतर्क अपनाउन आग्रह गरेको छ । कार्यालयले शुद्ध खानेपानी खान, प्रदुषित खानेकुरा तथा झिंगा धन्केको खानेकुरा नखान आग्रह गर्दै माइकिङ समेत शुरु गरेको उहाँले जानकारी दिनुभयो ।

यस्तै महिला स्वास्थ्य स्वयसेविकाले पनि खानेपानीलाई शुद्धिकरण गरेर मात्र खान आग्रह गर्दै टोलटोलमा खटाइएको उहाँले बताउनुभयो । कार्यालयले काठमाडौँ उपत्यका खानेपानी लिमिडेट, खानेपानी वोक्ने ट्याङक्टर व्यवसायी र जार व्यवसायीसंग पनि खानेपानी शुद्धिकरण गरेर मात्र वितरण गर्न भनेको छ ।

यस्तै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले हैजासम्बन्धी कुनै पनि लक्षण देखिएमा नजिकैको स्वास्थ्य कार्यालयमा सम्पर्क गर्न अनुरोध गरेको छ । गर्मी र बर्खायाममा विशेषगरी झाडापखाला, हैजा तथा पानीजन्य रोगहरू फैलिने हुँदा सबैलाई सजक र सतर्क हुन अनुरोध मन्त्रालयले गरेको छ । मन्त्रालयले पानीलाई उमालेर वा क्लोरिन प्रयोग गरेर मात्र प्रयोग गर्न, व्यक्तिगत सरसफाइ, खानेकुराको सरसफाइ तथा खुला रूपमा दिसापिसाब नगर्न र चर्पीको प्रयोग गर्न र दिसापिसाब गरेपछि अनिवार्य रूपमा साबुन पानीले हात धुन अनुरोध गरिएको छ ।

# नागरिकता विधेयकलाई अगाडि बढाउने सत्ता गठबन्धनको निर्णय

**दैनिक समाचारदाता**
**काठमाडौं, ८ असार ।**

सत्तारुढ पाँच दलीय गठबन्धनले नागरिकता विधेयकलाई अगाडि बढाउने निर्णय गरेको छ ।

बुधबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको गठबन्धनको बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाले नागरिकताको विधेयकलाई अगाडि बढाउने प्रस्ताव गर्नुभएको सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले बताए ।

कार्कीले कतिपय नागरिकले बुबाआमा नेपाली नागरिक भए पनि नागरिकताविहीन हुनुपरेको भन्दै नागरिकताको समस्यालाई समाधान गर्न सरकार अघि बढेको

*बाँकी तीन पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनावारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# अन्तर्राष्ट्रिय बजारमा मूल्यवृद्धि हुँदा नेपालमा पनि बढाउनुपर्‍यो : आपूर्तिमन्त्री

काठमाडौँ, ८ असार (रासस)।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीलेन्द्र बडूले अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि भएका कारण नेपालमा पनि वृद्धि गर्नुपरेको प्रस्ट पार्नुभएको छ।

राष्ट्रिय सभाको आजको बैठकमा पेट्रोलियम पदार्थको मूल्यवृद्धिबारे सदनलाई जानकारी गराउँदै २०७१ सालदेखि नै अन्तर्राष्ट्रिय बजार अनुसार पेट्रोलियम पदार्थको मूल्य बढेर प्राप्त हुँदा नेपालमा पनि बढाउने र घट्दा घटाउने प्रक्रिया सुरु भएको प्रस्ट पार्नुभयो।

उहाँले भन्नुभयो, "पछिल्लो समय रुस-युक्रेन युद्धका कारण सिर्जना भएको विशिष्ठ ऊर्जा सङ्कटका कारण निगमले प्राप्त गर्ने पेट्रोलियम पदार्थको मूल्य लगभग सबैजसो समय बढेर नै आइरहेको छ, नेपाल आयल निगमले अन्तर्राष्ट्रिय बजारबाट कच्चा तेल खरिद नगरी प्रशोधित पेट्रोलियम पदार्थ खरिद गर्दै आएको छ।"

मन्त्री बडूले प्रशोधित पेट्रोलियम पदार्थको मूल्य अन्तर्राष्ट्रिय बजारमा बढिरहेको अवस्थामा निगमले हाल आफू घाटामा रही कारोबार गरिरहेको बाध्यात्मक अवस्थाबारे पनि सदनलाई जानकारी गराउनुभयो। उहाँले विगत केही समययता अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य निरन्तर बढिरहेको, निगमलाई जेठ समान्तसम्म करिब रु ५० अर्ब घाटा हुन गएको र इन्डियन आयल कर्पोरेसनलाई बुझाउनुपर्ने रु २२ अर्ब बक्यौता रहेको जानकारी दिनुभयो।

"इन्डियन आयल कर्पोरेसशनलाई पेट्रोलियम पदार्थ खरिद गरेबापत तिर्नुपर्ने बक्यौता रकम बढ्दै जान नदिन र आपूर्ति व्यवस्था सहज बनाइ राख्न लागत अनुरुप नै मूल्य समायोजन गर्दै जानुपर्ने बाध्यात्मक स्थिति सिर्जना भएका कारण मूल्य वृद्धि गरिएको यस सदनलाई जानकारी गराउन चाहन्छु", उहाँले भन्नुभयो।

निगमले पेट्रोलियम पदार्थको नयाँ मूल्य कायम गर्नुभन्दा पहिला पेट्रोलियम पदार्थको धेरै मात्रा बिक्री गरिने निगमलाई घाटामा पुर्‍याएको भन्ने सन्दर्भमा उहाँले निगमको प्रचलित कानुन, नीति तथा पेट्रोलिम पदार्थको बिक्री सम्बन्धि विद्यमान नियमावली अनुरुप नै बिक्री वितरण गरिएको पनि स्पष्ट पार्नुभयो।

उहाँले भन्नुभयो, "मुलुकैभरी सबैभन्दा बढी पेट्रोल खपत हुने काठमाडौँ उपत्यकामा निगमको थानकोट डिपोले यही असार ५ गते पेट्रोल सात लाख ५० हजार लिटर र डिजेल आठ लाख ५० हजार लिटर बिक्री गरेको छ भने असार ६ गते पेट्रोल आठ लाख ४० हजार लिटर र डिजेल १० लाख ४० हजार लिटर बिक्री गरेको निगमको रेकर्डबाट देखिन्छ, कसैलाई नाफा हुने नियतले नभइ कानुन र नीतिगत रूपमा नै मूल्य निर्धारण गरी बिक्री गरिएको छ।"

उहाँले बिक्रीवितरण भइरहेको अवस्थामा पेट्रोलियम बिक्री गरेपश्चात मूल्य बढ्ने गरेको भनाइमा कुनै सत्यता नभएको पनि स्पष्ट पार्नुभयो। मन्त्री बडूले नेपालमा पेट्रोलियम पदार्थ र एलपी ग्यासको आपूर्ति प्रणाली सहज, व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन सरकारले अपनाउनुपर्ने अल्पकालीन र दीर्घकालीन नीति तथा नीतिगत, कानुनी एवं संस्थागत सुधारका लागि विषय समावेश गरी प्रतिवेदन पेश गर्न उच्चस्तरीय अध्ययन कार्यदल गठन गर्ने निर्णय गरिएको जानकारी दिनुभयो। उहाँले बजार अनुगमनलाई अझै व्यवस्थित, प्रभावकारी र सशक्त बनाउने विश्वास दिलाउनुभयो।

# एघार महिनामा १५ खर्ब ७७ अर्बको व्यापार घाटा

काठमाडौँ, ८ असार (रासस)।

चालु आर्थिक वर्ष २०७८/७९ को एघार महिनामा (साउनदेखि जेठसम्म) नेपालले करिब १६ खर्बको व्यापार घाटा व्यहोरेको छ। भन्सार विभागले सार्वजनिक गरेको जेठसम्मको तथ्याङ्कअनुसार एघार महिनाको अवधिमा नेपालको व्यापार घाटा रु १५ खर्ब ७७ अर्ब ३८ करोड पुगेको हो।

गत आर्थिक वर्षको सोही अवधिमा रु १२ खर्ब ६२ अर्ब ११ करोड बराबर व्यापार घाटा रहेको थियो। गत आवको सोही अवधिको तुलनामा चालु आवमा २५ प्रतिशतले व्यापार घाटा बढेको हो। विभागको तथ्याङ्क अनुसार एघार महिनाको अवधिमा नेपालले रु १९ खर्ब ४९ अर्ब बराबरको वैदेशिक व्यापार गरेको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कुल वैदेशिक व्यापार २९ दशमलव ५ प्रतिशतले बढको छ। गत आर्थिक वर्षको सोही अवधिमा नेपालले रु १५ खर्ब ४ अर्ब ६१ करोड १८ लाख बराबरको वैदेशिक व्यापार गरेको थियो।

**साढे १७ खर्बको आयात**

चालु आर्थिक वर्ष २०७८/७९ को पहिलो ११ महिनामा नेपालमा साढे १७ खर्ब बढीको विदेशी वस्तुको आयात भएको छ। विभागको तथ्याङ्क अनुसार एघार महिनाको अवधिमा रु १७ खर्ब ६३ अर्ब २२ करोड बराबरको विदेशी वस्तुको आयात भएको हो। गत आर्थिक वर्षको सोही अवधिमा नेपालले रु १३ खर्ब ८३ अर्ब ३६ करोड बराबरको आयात गरेको थियो। गत आवको तुलनामा चालु आवमा २७.५ प्रतिशतले आयातमा वृद्धि भएको छ।

यसैगरी, नेपालले चालु आर्थिक वर्षको ११ महिनामा रु एक खर्ब ८५ अर्ब ८३ करोड बराबरको स्वदेशी वस्तुको निर्यात भएको छ। गत आवको सोही अवधिमा रु एक खर्ब २१ अर्ब २५ करोड बराबरको निर्यात भएको थियो। गत आवको तुलनामा चालु आवमा ५३.३ प्रतिशतले निर्यातमा वृद्धि भएको हो।

**साढे २ खर्बको पेट्रोलियम पदार्थको आयात**

चालु आर्थिक वर्षको एघार महिनाको अवधिमा पेट्रोलियम पदार्थको आयातमा मात्रै साढे दुई खर्ब बढीको नेपाली रुपैयाँ बाहिरिएको छ। भन्सारको तथ्याङ्क अनुसार डिजेल, पेट्रोल तथा खाना पकाउने एलपी ग्यासको आयातमा रु दुई खर्ब ६७ अर्ब २९ करोड ९८ लाख ४३ हजार नेपाली रुपैयाँ बहिरिएको हो। जसमा सबैभन्दा धेरै डिजेल आयातमा रु एक खर्ब ४५ अर्ब २१ करोड ९३ लाख ५० हजार, पेट्रोलमा रु ६२ अर्ब ९१ करोड ९८ लाख ४६ हजार र एलपी ग्यासको आयातमा रु ५९ अर्ब १६ करोड ६ लाख ४७ हजार बढी बाहिरिएको छ।

एघार महिनाको अवधिमा नेपालमा रु ५३ अर्ब २५ करोड ५१ लाख ६२ हजार बराबरको पाम आयल, रु ४८ अर्ब ७८ करोड ४६ लाख ८७ हजार बराबरको स्टिल आइरन र रु ३८ अर्ब ६ करोड ६९ लाख ८७ हजार बढीको मोबाइल आयात भएको छ। यस्तै, एघार महिनाको अवधिमा नेपालबाट रु एक खर्ब ९० अर्ब २३ करोड ८६ लाख ३२ हजार बढीको सोयाबिन तेल, रु ६६ अर्ब ८६ करोड ८९ लाख ७२ हजार बढीको पाम आयलको निर्यात भएको छ।

*नागरिकता विधेयकलाई ...*

बताए। बैठकमा शान्ति प्रक्रियालाई चाँडै निस्कर्षमा पुर्‍याउनका लागि पनि छलफल भएको उनले जानकारी दिए।

मन्त्री कार्कीले गठबन्धनको बैठकमा कानून, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्दप्रसाद शर्मा (कोइराला) ले मन्त्रालयले शान्ति प्रक्रियाको बारेमा अहिलेसम्म प्राप्त विवरणको प्रगतिको प्रतिवेदन पनि प्रस्तुत गर्नुभएको बताए।

*खर्च विवरण...*

परिणाम घोषणा भएको ३० दिनभित्र जिल्ला वा क्षेत्रीय निर्वाचन कार्यालयमा खर्च विवरण नबुझाउने उम्मेदवारलाई कारबाही सिफारिस गर्न आयोगले निर्देशन दिएको हो।

स्थानीय तहको निर्वाचन वैशाख ३० मा भएको थियो। काठमाडौँ महानगरपालिकाको सबैभन्दा ढिलो जेठ१२ मतपरिणाम घोषणा भएको थियो। यस अनुसार असार१२ भित्र सबै उम्मेदवारले खर्च विवरण बुझाइ सक्नुपर्ने आयोगले जनाएको छ।

आयोगले सबैभन्दा बढी महानगरको प्रमुख र उपप्रमुखमा ७ लाख ५० हजार रुपैयाँसम्म खर्च गर्न पाउने सीमा निर्धारण गरेको थियो। हालसम्म सम्बन्धित उम्मेदवारले कानुनबमोजिम बुझाउनु पर्ने निर्वाचन खर्चको विवरण बुझाए/नबुझाएको एकिन गर्न निर्देशन दिएको छ।

त्यसैगरी निर्वाचन खर्चको विवरण बुझाउने तथा नबुझाउने उम्मेदवारको विवरण छुट्टै तयार गरी आवश्यक कारबाहीको लागि सिफारिससहित आयोगमा पठाउन सबै निर्वाचन कार्यालयलाई निर्देशन दिएको आयोगले जारी गरेको निर्देशनमा उल्लेख छ।


**डा. आदर्श कुमार सिंह**

**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU

NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

**मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग**

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**वरिष्ठ नवजात शिशु तथा बालरोग**

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**

**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी**

**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


## विश्व समाचार

### इमरान खानको नेतृत्वमा पाकिस्तानको मानवअधिकार स्थिति चिन्ताजनक'

इस्लामावाद, ८ असार (रासस/एएनआई)।

इमरान खानको नेतृत्वमा पाकिस्तानले विश्वको सबैभन्दा खतरनाक मानवअधिकार उल्लङ्घनकर्ता देशको रूपमा कुख्याति कमाएको प्रतिवेदन सार्वजनिक भएको छ।

सैनिक शासक जनरल परवेज मुसर्रफपछि खान खतरनाक मानवअधिकार उल्लङ्घनकर्ताको रूपमा दरिएका छन्। उनको कार्यकालमा सञ्चारगृह, मानवअधिकार रक्षक समूह र सामाजिक सञ्जालका अभियन्तालाई दबाउन खोजिएको जस्ट अर्थ न्यूजले जनाएको छ।

खानले आफ्नो शासनकालमा असन्तुष्ट पक्षको हत्या, पत्रकारलाई कुटपिट र वाक् स्वतन्त्रतामाथि प्रहार गरेका थिए। पाकिस्तानको मानवअधिकार आयोगले यो वर्षको प्रारम्भमा जारी गरेको 'मानवअधिकारको स्थिति प्रतिवेदन २०२१' मा उक्त वर्ष अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा सबैभन्दा बढी क्षति पुगेको उल्लेख थियो।

जनताको बोल्ने र मन लागेको काम गर्ने अधिकार खान सरकारले सङ्कुचित तुल्याउनका साथै उनको राजनीतिक दल तहरिक-ए- इन्साफ (पिटिआई)का कार्यकर्ताले पनि पत्रकाररूमाथि दमन गरेका थिए। पत्रकारलाई धम्की दिएका नौ वटा घटना प्रतिवेदनमा समेटिएको छ।

प्रतिवेदनअनुसार खान सरकारले सेनासँग मिलेर पत्रकारमाथि निर्मम कदम चालेका थिए। उनी र उनका सहयोगीका अमानवीय गतिविधिले पाकिस्तानलाई विश्वमा उपहासको पात्र बनाएको छ। धेरै आलोचकलाई बेपत्ता परिएको, असहमति जनाउनेलाई प्रहरी लगाएर दमन गरिएको र सीमान्तकृत वर्ग पनि त्यस्ता अराजक गतिविधिको शिकार भएका थिए।

पाकिस्तानी मानवअधिकार आयोगले मात्र नभई अमेरिकी विदेश मन्त्रालयले पनि इस्लामावादले गैरकानुनी एवम् स्वच्छाचारी हत्यालाई प्रश्रय दिएको प्रतिवेदन सार्वजनिक गरेको थियो। त्यसैगरी ह्युमन राइट्स वाचले पनि सरकारी सुरक्षा बल र लडाकु समूहले भयको वातावरण सृजना गरेर नागरिक अधिकार कुण्ठित पारेको प्रतिवेदन निकालेको थियो।

### बन्दुक नियन्त्रणसम्बन्धी विधेयकमा सांसदहरूको सहमति

वासिङटन, ८ असार (रासस/एएनआई)।

अमेरिकी सासंदले बन्दुक नियन्त्रणसम्बन्धी ऐतिहासिक द्विपक्षीय विधेयकमा सहमति जनाएका छन्।

सांसदको समूहले उभल्दे, बफेलो र टेक्सासमा हालै भएका नरसंहारका घटनापछि बन्दुक नियन्त्रणसम्बन्धी बहुप्रतिक्षित द्विपक्षीय विधेयकमा सहमति जनाएका हुन्। बफेलो, न्यूयोर्क र टेक्सासमा हालै भएका गोली काण्डमा ३१ जना स्कूले बालबालिका मारिएका थिए।

मानसिक स्वास्थ्य एवम् विद्यालय सुरक्षा विधेयकले कानुनको पालना गर्ने बन्दुक मालिकमाथि कुनै अङ्कुस नलगाएको तर अविवेकीरूपमा बन्दुक चलाउन सक्ने ठानिएका व्यक्तिबाट बन्दुक फिर्ता लिने व्यवस्था गरेको छ। नयाँ विधेयकले मानसिक स्वास्थ्य कोषमा अर्बौं डलर उपलब्ध गराउने लक्ष्य लिएको छ।

विधेयकमा सहमति भएसँगै लामो समयदेखि बन्दुक हिंसाबाट पीडित अमेरिका अब त्यसबाट केही हदसम्म भएपनि मुक्त हुने विश्वास गरिएको छ। बन्दुक हिंसाका राजधानीका रूपमा दुर्नाम कमाएका वासिङटन डिसी, शिकागो, लस एन्जलस, डेट्रोइट र न्यु अर्लिन्समा अब नरसंहार नहुने आशा पनि गरिएको छ।

### अफगानिस्तानमा भूकम्प २८० जनाको मृत्यु

काबुल, ८ असार (रासस/सिन्ह्वा)।

अफगानिस्तानको पाक्टिका प्रान्तमा बुधबार बिहान गएको भूकम्पमा परी कम्तीमा २८० को मृत्यु हुनुका साथै ५९५ जना घाइते भएका राज्यद्वारा सञ्चालित बख्तर समाचार समितिले जनाएको छ।

सबैभन्दा बढी प्रभावित पूर्वीप्रान्त पक्टिका प्रान्तको बर्माल, जिरुक, नाका र गायन जिल्लामा करिब २५५ को ज्यान गएको पछिल्लो स्थानीय स्रोतलाई उद्धृत समाचार समितिले जानकारी दिएको छ। भूकम्प प्रभावित क्षेत्रमा हेलिकप्टर र उद्धार टोली पुगेका छन्। छिमेकी प्रान्त खोस्टमा कम्तिमा २५ को ज्यान गएको छ भने ९५ जना घाइते भएका छन्।

भूकम्प ६.१ म्यागिनच्युड भएको जनाइएको छ। भूकम्पको केन्द्रविन्दु खोस्टबाट ४४ किलोमिटर दक्षिणपश्चिममा रहेको अमेरिकी भौगर्भिक सर्वेक्षण संस्थाले जनाएको छ।

भूकम्पको कारण यस क्षेत्रका दर्जनौं घरमा क्षति पुर्‍याएको छ भने पक्टिका प्रान्तमा पहिरो गएको स्थानीय स्रोतले जनाएको छ।

# मधेस प्रदेशको प्रशासनिक भवन निर्माणका लागि जग्गा छनोट

धनुषा, ८ असार (रासस)।

मधेस प्रदेश सरकारको प्रशासनिक भवनको स्थायी संरचना निर्माणका लागि जग्गाको छनोट गरिएको छ। मधेस प्रदेशको स्थायी राजधानी जनकपुरधाम घोषणा भएको वर्ष दिन नबित्दै सरकारले प्रशासनिक भवन निर्माण गर्नका लागि जग्गा छनोट गरेको हो।

प्रदेश सरकारको प्रशासनिक भवन, मन्त्रालय, मुख्यमन्त्री, मन्त्रीहरूको आवासका लागि स्थायी भौतिक संरचना जनकपुर चुरोट कारखाना लिमिटेड ( जसलाई अहिले मधेस भवन नामाकरण गरिएको छ) परिसरभित्रै निर्माण गर्न उच्चस्तरीय समितिले प्रतिवेदन तयार गरेको छ।

जनकपुरधाममा ३५ बिघा क्षेत्रफल जग्गामा रहेको जचुकालिको परिसरभित्र नै मधेस प्रदेश सरकारको प्रशासनिक भवन, विभिन्न मन्त्रालयहरूको भवन, मुख्यमन्त्री निवास, सचिवालय, मन्त्रीहरूको निवास निर्माण गर्न सकिने गरी समितिले प्रतिवेदन तयार गरेको छ।

प्रदेश सरकारले भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवको संयोजकत्वमा जग्गा चयनका लागि सुझाव दिन उच्चस्तरीय समिति गठन गरेको थियो। समितिले प्रदेश सरकारका विभिन्न स्थायी भौतिक संरचना निर्माणका लागि प्रदेशको राजधानी क्षेत्रमा पर्ने विभिन्न सार्वजनिक जग्गाहरूको तथ्याङ्क धनुषा र महोत्तरीका मालपोत तथा नापी कार्यालयसँग लिएर जग्गाको अवस्थाबारे अध्ययन गरेको थियो।

ती जग्गाहरूमध्ये प्रदेश सरकारको प्रशासनिक तथा मन्त्रालयहरूको भवनको निर्माणको वातावरण तथा विभिन्न सुविधाको दृष्टिकोणले हाल रहेको जनकपुर चुरोट कारखानाको जग्गा उपयुक्त रहेकाले ती जग्गा नै सिफारिस गरिएको समितिका संयोजक रहेका भौतिक पूर्वाधार विकासमन्त्री यादवले बताउनुभयो।

जचुकाली परिसरलाई मधेस प्रदेश सरकारले 'मधेस भवन' घोषणा गरिसकेको छ। हाल त्यसभित्र प्रदेश प्रमुखको आवास र कार्यालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बाहेकका सबै मन्त्रालय, मन्त्रीहरूका आवास, मुख्यमन्त्रीको आवास र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सचिवहरूको आवास, अधिकृतहरूको आवासलगायत रहेका छन्।

## 'भारत गौरव...

भद्राचलमधार्मिक गन्तव्यका साथै नेपालको जनकपुरस्थित धार्मिक क्षेत्रलाई जोड्ने महाप्रबन्धक झाले बताउनुभयो।

भारतीय राजदूतावासको समन्वयमा 'भारत गौरव पर्यटक रेल'मा करिब ५०० भारतीय पर्यटक आउन लागेको र उनीहरूले जनकपुरधामका विभिन्न धार्मिकस्थलको भ्रमण गर्ने कार्यक्रम छ।

भारतीय राजदूतावासका अनुसार सो रेलको प्रत्येक डिब्बामा भारतीय स्मारक, नृत्य, परिकार, पोशाक, पर्व, वनस्पति तथा जीवजन्तु, योग, लोककलाजस्ता भारतको कला, संस्कृति, परम्परा, सम्पदा लगायतझल्को देख्न पाइने छ।

# आजदेखी पाँच वर्षदेखि १२ वर्षमुनिका बालबालिकालाई कोरोना भाइरस विरुद्धको खोप

काठमाडौँ, ८ असार (रासस)।

बिहीबारदेखि पाँच वर्षदेखि १२ वर्षमुनिका बालबालिकाका लागि कोरोना भाइरसविरुद्धको खोप 'फाइजर बायोएनटेक' लगाइने भएको छ। जिल्ला स्वास्थ्य कार्यालयले बुधबार पत्रकार सम्मेलन गरी काठमाडौँमा खोप लगाउनका लागि तयारी पूरा भएको जनाएको हो।

कार्यालयका प्रमुख वसन्त अधिकारीले बिहीबारदेखि यही असार १५ गतेसम्म काठमाडौँ जिल्लाका एक लाख ९० हजार बालबालिकालाई कोरोना भाइरसविरुद्धको खोप लगाउने जानकारी दिनुभयो। देशभरि ३९ लाख बालबालिकालाई कोरोना भाइरसविरुद्धको खोप लगाइनेछ।

उहाँका अनुसार बालबालिकालाई खोप लगाउनका लागि एक हजार ३०० खोप केन्द्र तोकिएका छन्। खोप यही असार ५ गते अमेरिकाको सहयोगमा कोभ्याक्समार्फत करिब २२ लाख मात्रा आएको थियो।

कार्यालयले काठमाडौँका बालबालिकालाई विद्यालयमा नै खोप केन्द्र स्थापना गरी खोप लगाउँदै छ। उहाँले विद्यालयबाहेक बालमन्दिर र कारागारमा समेत खोप लगाइने छ। स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले खापको प्रभावकारिता नेपालमा ९१ प्रतिशत रहेकाले सबैले खोप लगाउन आग्रह गर्नुभयो। खोप लगाउनका लागि खोप केन्द्रमा एक जना तालिम प्राप्त स्वास्थ्यकर्मी राखिने छ।

कार्यालय प्रमुख अधिकारीले खोप लगाएमा बालबालिका केही असर देखिने भएकाले खोप केन्द्रमा नै उपचारको व्यवस्था गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार बालबालिकालाई खोप लगाएपछि समस्या देखिए तत्काल उपचारका लागि 'एड्रिलाइन' इन्जेक्सनसमेत खोप केन्द्रमा राखिने छ।

खोप लगाएपछि टाउको दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, सुई लगाएको ठाउँ रातो हुने, शरीर चिलाउने, बिमिरा तथा डाबर आउनेजस्ता समस्या हुने गर्दछन्। असार ९ गतेदेखि १५ गतेसम्म २७ जिल्ला बालबालीकालाई पहिलो मात्रा र सोही समूहलाई साउन २ देखि ८ गतेसम्म दोस्रो मात्राको खोप दिइनेछ।

यस्तै दोस्रो चरण ५० जिल्लामा भदौ ५ देखि ११ गतेसम्म पहिलो मात्रा र सोही समूहलाई दोस्रो मात्रा भदौ २७ देखि असोज १ गतेसम्म सञ्चालन गरिनेछ। पाँच वर्षदेखि १२ वर्षमुनि उमेरका विद्यालयले तयार गरेको कक्षागत सूची, नामावली, विद्यालयले उपलब्ध गराएको परिचयपत्रको आधारमा खोप लगाइने छ।

यस्तै विद्यालयमा सूचीकृत नभएका बालबालिकाको हकमा उमेर खुल्ने परिचयपत्र वा निजको अभिभावकले स्वःघोषणा गरेको उमेर पुगेका बालबालिकालाई खोप लगाइनेछ। खोप एक स्थानीय तहलाई एकै चरणमा सम्पन्न गर्ने गरिनेछ।

खोप केन्द्रमा कम्तीमा एक जना खोप दिने स्वास्थ्यकर्मी र थप लक्षित सङ्ख्याको आधारमा थप स्वास्थ्यकर्मी तथा दुई जना स्वयंसेवक र प्रति २०० थप लक्षित संख्याको लागि थप एक जना स्वयंसेवक परिचालन गरिनेछ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


## सर्पको टोकाईबाट बचौं र बचाऔं ।

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np